# मिति २०७४ साल असार २९ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

## १. आ.ब. २०७४/०७५ को बजेट, निती तथा कार्यक्रम सम्बन्धमा

प्रस्ताव नं. १ आ.ब. २०७४/०७५ को बजेट, निति तथा कार्यक्रम सम्बन्धमा छलफल गर्दा विभिन्न उपसमितिमा छलफल गरी प्राप्त प्रतिवेदनका आधारमा तयार गरीएको आर्थिक ऐन, विनियोजन ऐनलाई संसोधन सहित मिति २०७४ साल असार ३० गते दिनको ११:०० बजे बस्ने गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

## २. पदाधिकारीको सेवा सुविधा सम्बन्धमा

प्रस्ताव नं. २ पदाधिकारीको सेवा सुविधा सम्बन्धमा छलफल गर्दा गाउँपालिकाका निर्वाचीत जनप्रतिनिधीहरुको लागी सेवा सुविधा प्रदेश कानुनले निर्धारण गरे बमोजिम हुने भनी नेपालको संविधिानमा उल्लेख भएकोले सो कानूनले व्यवस्था नगरेसम्म हाललाई आन्तरीक आयबाट ब्यहोर्ने गरी तपसिलको सेवा सुविधा स्विकृतिका लागि गाउँ सभामा पेश गर्ने गाउँ सभाले निर्णय गरे बमोजिम व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. प्रदेश कानून बमोजिम प्राप्त गर्ने सेवा सुविधाबाट कट्टी हुने गरी अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षलाई खाजा, पारवाहन तथा सञ्चार सुविधा वापत मासिक रु ५,०००

२. गाउँ कार्यपालिका, वडा समिति, तथा अन्य उपसमितिका पदाधिकारीहरुको लागि बैठक भत्ता प्रति बैठक रु १,००० (वडा समितिको बैठक, गाउँ कार्यपालिकाको बैठक बढीमा महिनामा दुई पटक मात्र गर्ने)

३. खाजा खर्च प्रति व्यक्ति प्रति बैठक रु २००

४. गाउँ कार्यपालिकाको मासिक बैठकमा आउँदा वडा नं. २,८,९ का सहभागीलाई रु २०० र वडा १,१०,११,१२ का सहभागिका लागि रु ४०० थप पारवाहन खर्च उपलब्ध गराइनेछ ।

माथी उल्लेखित मासिक पारिश्रमिक तथा भत्ताका लागि तपसिलको खर्च हुने अनुमान गरीएको छ ।

| प्रदेश कानून बमोजिम उपलब्ध हुने पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा अनुमानित खर्च विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | संख्या | मासिक | बैठक भत्ता | खाजा खर्च | महिनारूसंख्या | जम्मा पाउने |
| १ | अध्यक्ष | १ | ३०००० | | | १२ | ३६०,००० |
| २ | उपाध्यक्ष | १ | २५००० | | | १२ | ३००,००० |
| ३ | वडाध्यक्ष | १२ | २०००० | | | १२ | २,८८०,००० |
| ४ | का.पा. बैठक | २२ | ० | १००० | २०० | १८ | ४७५,२०० |
| ५ | वडा समिति | ६८ | ० | १००० | २०० | ३६ | २,९३७,६०० |
| ६ | गाउँ सभा | ७० | ० | १००० | २०० | १४ | १,१७६,००० |
| ७ | उपसमिति | ३ | ० | १००० | २०० | ५३ | १९०,८०० |
| | **जम्मा रु** | | | | | | **८,३१९,६००** |

## ३. कार्यविधि तथा आचार संहीता स्विकृति सम्बन्धमा

प्रस्ताव नं. ३ कार्यविधि तथा आचार संहिता स्विकृति सम्बन्धमा तपसिलको नमुना कार्यविधिलाई छलफल गरी स्विकृत गर्ने तथा गाउँ सभामा स्विकृतिका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरीयो ।

तपसिल

- गाउँ सभा सञ्चालन कार्यविधि, २०७४
- बकैया गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४

**४. गाउँ सभा अधिवेशन, गाउँ कार्यपालिका बैठक तथा वडा समिति बैठक व्यवस्थापन सम्बन्धमा**

प्रस्ताव नं. ४ गाउँ सभा अधिवेशन, गाउँ कार्यपालिका बैठक तथा वडा समिति बैठक व्यवस्थापन सम्बन्धमा छलफल गर्दा गाउँपालिकामा हुने माथी उल्लेखित बैठकका लागि प्रस्ताव तयारी, निर्णय लेखन तथा आवश्यक व्यवस्थापन कार्यालय समयमा मात्र गर्न नसक्ने भएकाले वडा समिति बैठकमा एक जना, गाउँ कार्यपालिकाको बैठकमा बढीमा २ जना तथा गाउँ सभाको बैठकमा बढीमा ५ जना कर्मचारीहरुलाई बैठक व्यवस्थापन वापत प्रति बैठक रु १,००० भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो ।

आजको बैठक विहान ३:०० बजे शुरु भई ५:१५ बजे सम्पन्न गरियो ।